# ताप्ली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार, उदयपुर

१ नं प्रदेश नेपाल

प.सं २०७७/०७८

च.नं १०५१

मिति : २०७८/२/९

विषय : परीक्षा सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु

ताप्ली गाउँपालिका, उदयपुर ।

उपरोक्त सम्बन्धमा कोभिड १९ को दोस्रो लहरले लकडाउन भएको कारणले गर्दा विद्यार्थीहरुको पठनपाठन तथा मूल्याङ्कन प्रक्रियामा गम्भिर रुपमा असर पर्न गएकोले यस विषम परिस्थितिमा शिक्षक तथा विद्यार्थीहरुको स्वास्थ्य प्रति सतर्कता अपनाउन जति महत्वपूर्ण छ त्यतिकै विद्यार्थीहरुले सिकेको ज्ञान सिपलाई उपयुक्त माध्यम अपनाएर मापन गरी प्रमाणित गर्न पनि उत्तिकै आवश्यक र चुनौतिपूर्ण छ । त्यसै सन्दर्भमा मिति २०७८/२/८ गतेको गाउँ परीक्षा समितिको बैठकको निर्णयानुसार तपसिल बमोजिमको विधि अपनाई नतिजा प्रकाशन गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

१. कक्षा १ देखि ७ र ९ कक्षा सम्मको परीक्षा पहिलो त्रैमासिकको ३०प्रतिशत, दोस्रो त्रैमासिकको ५० प्रतिशत र विद्यार्थी उपस्थित २० प्रतिशत मूल्याङ्कन कायम गरी बार्षिक परीक्षाको नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

२. कक्षा ८ को पहिलो त्रैमासिकको ३० प्रतिशत, दोस्रो त्रैमासिकको ५० प्रतिशत र विद्यार्थी उपस्थित २० प्रतिशत मूल्याङ्कन गरी शैद्धान्तिक विषयगत अङ्क मिति २०७८/२/२५ गते भित्र ताप्ली गाउँपालिकाको ict.taplimun@gmail.com मा पठाउनु हुन ।

३. कक्षा १ देखि ७ र ९ कक्षाको नतिजा मिति २०७८/३/१ गतेभित्र प्रकाशन गरिसक्नु पर्नेछ ।

रामचन्द्र लामा

प्रमुख प्रशासकीय अधिकृत